कसैले पनि अर्कोलाई अनैतिकता र अविश्वासको आरोप लगाउनु हुँदैन, किनकि यदि त्यो व्यक्ति भने जसो होइन भने आरोप उसैतिर फर्किनेछ।

अबुजर (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, उनले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुने: "कसैले पनि अर्कोलाई अनैतिकता र अविश्वासको आरोप लगाउनु हुँदैन, किनकि यदि त्यो व्यक्ति भने जसो होइन भने आरोप उसैतिर फर्किनेछ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले कसैलाई "तिमी फासिक (पापी) हौ" वा "तिमी काफिर हौ" भन्नु विरुद्धमा चेतावनी दिनुभएको छ। किनभने यदि अगाडिको व्यक्ति अपराधी वा काफिर होइन भने आरोप लगाउने व्यक्ति नै दोषको हकदार हुनेछ र उसले भनेको कुरा उसैतिर फर्किनेछ। यदि उनले भनेको कुरा सत्य हो भने, वक्तालाई कुनै हानि हुनेछैन किनभने उनले भनेको कुरा सत्य हो।

http://sunnah.global/hadeeth/ne/show/8883